नेपाल बीमा प्राधिकरणको त्रैमासिक प्रकाशन

बीमा समाचार

वर्ष ४, अङ्क ३, २०८१ पौष
December 2024-January 2025

अध्यक्ष दहालबाट कार्यभार ग्रहण

नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहालले यही २०८१ साल मङ्सीर २८ गते प्राधिकरणमा अध्यक्षको कार्यभार सम्हाल्नुभएको छ ।

यसअघि, मङ्सीर २८ गते नै अर्थ मन्त्रालयमा माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले अध्यक्ष दहाललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो ।

नेपाल सरकारले अर्को व्यवस्था नभएसम्मका लागि नेपाल बीमा प्राधिकरणको अध्यक्ष भई कामकाज गर्न अध्यक्ष दहाललाई मङ्सीर २७ गते जिम्मेवारी दिएको थियो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहाल कार्यभार सम्हाल्नुहुँदै ।

अध्यक्ष दहाल अर्थ मन्त्रालयका सहसचिव तथा नेपाल बीमा प्राधिकरणका संचालक समितिका सदस्य समेत हुनुहुन्छ ।

कार्यभार सम्हाल्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहालले आफ्नो पहिलो प्राथमिकता चाँडै नै प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि पहल गर्ने र दोस्रो प्राथमिकता प्राधिकरणको कार्यकारी निर्देशकको नियुक्ति रहेको जानकारी दिनुभयो ।

अध्यक्ष दहालले प्राधिकरणमा परिवर्तन आएको देखिने गरी दत्तचित्त भएर काम गर्न र आ-आफ्नो जिम्मेवारी पूरा गर्न कर्मचारीहरूलाई निर्देशन दिनुहुँदै आफूले सकेसम्म दीर्घकालिन प्रभाव पर्ने कुनै काम नगर्ने स्पष्ट गर्नुभयो ।

अध्यक्ष दहालले भन्नुभयो, "बीमितहरु मर्कामा परेका मुद्दाहरूको फछ्र्योटलाई प्राथमिकता दिनुपर्छ, बीमितको हकहित संरक्षण गर्नुपर्छ, बीमा गर्दा राम्रो हुन्छ भन्ने विश्वास नागरिकमा जगाउने गरी काम गर्नुपर्छ, बीमकहरूको समस्या समाधान र बीमा क्षेत्रको विकास एवम् विस्तारमा ध्यान दिनुपर्छ ।"

अध्यक्ष दहाल प्राधिकरणमा आउनुहुँदा उहाँलाई प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मी, निर्देशक सुशीलदेव सुवेदी तथा निर्देशक पूजन ढुङ्गेल (अधिकारी) र कर्मचारीहरूले खादा, माला र पुष्पगुच्छाले स्वागत गर्नुभएको थियो ।

संरक्षक
श्री मदन दहाल, अध्यक्ष

सल्लाहकार
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

सम्पादक समूह
संयोजक
श्री सुशीलदेव सुवेदी, निर्देशक

सदस्यहरु
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री विरोध वाग्ले, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

पत्रकार भेटघाट कार्यक्रम

बीमा ऐन विपरिताका प्रावधान हटाएर बीमा निर्देशिकाहरू एकमुष्ठरूपमा परिमार्जन गरिन्छ : अध्यक्ष दहाल

पत्रकार भेटघाट कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहाल पत्रकार भेटघाट कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहालले बीमितले छिटो न्याय पाउन सकून् भनेर प्राधिकरणले बीमा सम्बन्धी उजूरीहरुको फछ्र्यौटलाई प्राथमिकता दिएको बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यही २०८१ साल पुस १७ गते आयोजत पत्रकार भेटघाट कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष दहालले बीमाप्रतिको विश्वास बढाउनका लागि पनि दाबी भुक्तानी छिटो हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष दहालले भन्नुभयो, "बीमाको दायरा बढाउनका लागि बीमा सम्बन्धी जनचेतना अभिवृद्धि हुनु आवश्यक छ, त्यसका लागि प्राधिकरणले Interactive Voice Response (IVR) प्रणाली लागू गर्ने तयारी गरिरहेको छ, यो प्रणाली केही बीमा कम्पनीमा नमूनाका रुपमा शुरु गरेर पछि सबै बीमा कम्पनीहरुमा लागू गरिनेछ । "पत्रकारहरुले सोधेका प्रश्नहरुको जवाफ दिनुहुँदै अध्यक्ष दहालले बीमा सम्बन्धी निर्देशिकाहरुमा रहेका बीमा ऐन विपरिताका प्रावधानहरु हटाएर सबै निर्देशिकाहरु एकमुष्ठरुपमा परिमार्जन गर्नेगरी कार्य भइरहेको जानकारी दिनुभयो ।

अध्यक्ष दहालले भन्नुभयो, "बीमा क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणका लागि प्राधिकरणमा यस सम्बन्धी AML/CFT शाखा स्थापना गरिएको छ, सबै बीमा कम्पनीमा पनि यस सम्बन्धी शाखा स्थापना गर्न निर्देशन दिइनेछ, सम्पत्ति शुद्धीकरण निवारणको कार्यलाई प्राधिकरणले प्राथमिकताका साथ अगाडि बढाएको छ ।"

एक अर्को प्रश्नमा अध्यक्ष दहालले बीमा कम्पनीहरुले प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नुभन्दा अगाडि प्राधिकरणबाट सहमति लिनुपर्ने प्रावधानलाई परिवर्तन गरी नियुक्ति भएपछि जानकारी दिनुपर्ने व्यवस्था गरिएको र बीमा दाबी भुक्तानी बीमितको बैङ्क खातामा डिजिटलरुपमा गर्नुपर्ने व्यवस्था गरिएको बताउनुभयो ।

प्राधिकरण नियामकको पहिचानलाई स्थापित गर्दै क्रमिकरुपमा अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै अध्यक्ष दहालले कुनै पनि बीमा कम्पनीको बदमासीलाई प्राधिकरणले संरक्षण नगर्ने र बीमा ऐन नियम विपरित काम गर्ने कम्पनीहरुलाई कारवाहीको दायरामा ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा सम्बन्धी समसामयिक विषयमा संचारकर्मीहरुसँग छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मी तथा निर्देशक पूजन ढुङ्गेल (अधिकारी) र विभिन्न संचार माध्यमका संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपालको छैठौं वार्षिक साधारणसभा

तालिमसँगै नयाँ नयाँ विषयमा अनुसन्धान समेत गर्न आईआईएनलाई अध्यक्ष दहालको निर्देशन

नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहाल इन्स्योरेन्स इन्ष्टिच्युट अफ नेपालको छैठौं वार्षिक साधारणसभालाई सम्बोधन गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहालले बीमा सम्बन्धी तालिमसँगै बीमा दाबी भुक्तानीमा ढिलाई लगायत नयाँ नयाँ विषयमा अनुसन्धान समेत गर्न इन्स्योरेन्स इन्ष्टिच्युट अफ नेपाललाई निर्देशन दिनुभएको छ ।

इन्स्योरेन्स इन्ष्टिच्युट अफ नेपाल (आईआईएन) को छैठौं वार्षिक साधारणसभाको यही २०८१ साल पुस २९ गते काठमाडौंमा उद्घाटन गर्नुहुँदै अध्यक्ष दहालले बीमा क्षेत्रको विकासलाई अझै उचाईमा पुऱ्याउनका लागि आफ्नो क्षेत्रबाट मिहेनतका साथ अगाडि बढ्न पनि आईआईएनलाई निर्देशन दिनुभयो ।

इन्स्योरेन्स इन्ष्टिच्युट अफ नेपालका संरक्षक समेत रहनुभएका अध्यक्ष दहालले भन्नुभयो, "बीमा सर्भेयर र बीमा अभिकर्ताले इजाजतपत्र नवीकरण गर्न तालिम लिएको हुनुपर्ने सम्बन्धमा अध्ययन गरी सुझाव दिन समिति गठन गरिएको छ, समितिबाट सुझाव आएपछि कार्यान्वयनमा ल्याइनेछ, देशभरका सबै बीमा सर्भेयर र बीमा अभिकर्तालाई तालिम दिनका लागि आईआईएनले तालिमलाई विकेन्द्रीकरण गर्दै तीब्रता दिनुपर्छ ।"

त्यस अवसरमा अध्यक्ष दहालले इन्स्योरेन्स इन्ष्टिच्युट अफ नेपालको संचालक समितिका पूर्वअध्यक्ष राजुरमण पौडेललाई कदरपत्र प्रदान गर्नुभयो ।

इस्योरेन्स इन्ष्टिच्युट अफ नेपालको संचालक समितिका अध्यक्ष दीप प्रकाश पाण्डेले आईआईएनको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

इन्स्योरेन्स इन्ष्टिच्युट अफ नेपालका प्रमुख

नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दहालका साथमा आईआईएनको छैठौं साधारणसभामा सहभागीहरु ।

कार्यकारी अधिकृत सुशीलदेव सुवेदीले आईआईएनले बीमा क्षेत्रका विशेषज्ञहरूको सहभागिता तथा अन्तर्राष्ट्रिय सस्थाहरूसँगको सहकार्यमा विभिन्न तालिम तथा कार्यक्रमहरु संचालन गर्दै आएको र स्नातकोत्तर तहमा बीमा विषयको अध्यापन तथा अनुसन्धानका लागि काठमाडौं विश्वविद्यालयसँग समन्वयन एवम् सहकार्य हुँदै आएको जानकारी दिनुभयो ।

साधारणसभामा आईआईएनका संचालक समितिका सदस्यहरु तथा शेयरधनी रहेका जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

डिजिटल माध्यमबाट बीमा दाबी भुक्तानी गर्न निर्देशन

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूले बीमा दाबी वापत बीमितलाई भुक्तानी गर्नुपर्ने बीमा दाबी रकम अनिवार्यरूपमा बीमितको बैंक खातामा दाखिला हुने गरी डिजिटल माध्यमबाट भुक्तानी गर्न निर्देशन दिएको छ ।

प्राधिकरणले बीमकहरूलाई दिएको निर्देशनमा बीमालेख अनुसार बीमा दाबीको दायित्व यकिन भएपश्चात् सो पूरा रकम अनिवार्यरूपमा कानुन बमोजिम भुक्तानी प्राप्त गर्ने पक्षको बैंक खातामा दाखिला हुने गरी डिजिटल माध्यम प्रयोग गरी भक्तानी गर्ने' उल्लेख छ ।

जीवन बीमकले दाबी भुक्तानी वापत बीमित वा हकवालालाई कानुन बमोजिम भुक्तानी गर्नुपर्ने रकम बीमित वा हकवालाको बैंक खातामा दाखिला नगरी अन्य बीमालेख जारी गरी रकम समायोजन गर्न नपाउने पनि निर्देशनमा उल्लेख छ ।

यसैगरी, बीमा दाबी निवेदन दर्ता भएको, क्षति मूल्याङ्कन गर्न सर्भेयर खटाएको र सर्भे प्रतिवेदन प्राप्त भएको बारेमा बीमितलाई SMS मार्फत यथाशीघ्र जानकारी गराउन समेत प्राधिकरणले बीमा कम्पनीहरूलाई निर्देशन दिएको छ ।

अदुवा खेती बीमालेख

नेपाल बीमा बीमा प्राधिकरणले अदुवा खेतीमा हुने आर्थिक क्षतिको रक्षावरण गर्नका लागि उत्पादनमा आधारित 'अदुवा खेती बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले यही २०८१ साल पुस ४ गते स्वीकृत गरेको अदुवा खेती बीमालेखका विशेषताहरु :

(क) बीमितले बीमाशुल्क भुक्तानी गरेपछि बीमालेख प्रारम्भ हुने,

(ख) आगलागी, हुरीबतास, बाढी, पहिरो, चट्याङ, रोग तथा कीरा र जङ्गली जनावरबाट हुने जोखिमको रक्षावरण हुने,

(ग) बीमितले न्यूनतम रु दुईलाख बराबरको दुर्घटना बीमा गर्नुपर्ने,

(घ) उत्पादनका आधारमा अदुवा खेतीको बीमा गर्न सकिने,

(ङ) अदुवा खेतीको बीमा गर्दा एउटा मात्र बीमकमा गर्नुपर्ने,

(च) अदुवा खेती बीमालेखको अवधि आठ महिनाको हुने,

(छ) अदुवा खेतीको बीमाशुल्क बीमाङ्क रकमको सात प्रतिशतका दरले लाग्ने,

(ज) बीमितले अदुवा खेचीको क्षति भएमा तीन दिनभित्र बीमकलाई जानकारी गराउनुपर्ने,

(झ) बीमितले अदुवा खेतीको बीमाको दाबी परेपछि तत्काल दाबी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नुपर्ने,

(ञ) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको ३५ दिनभित्र बीमकले बीमितलाई दाबी भुक्तानी गर्नुपर्ने ।

अलैंची खेती बीमालेख

नेपाल बीमा बीमा प्राधिकरणले अलैंची खेतीमा हुने आर्थिक क्षतिको रक्षावरण गर्नका लागि 'अलैंची खेती बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले यही २०८१ साल पुस ४ गते स्वीकृत गरेको अलैंची खेती बीमालेखका विशेषताहरु :

(क) बीमितले बीमाशुल्क भुक्तानी गरेपछि बीमालेख प्रारम्भ हुने,

(ख) आगलागी, हुरीबतास, बाढी, पहिरो, चट्याङ, रोग तथा कीरा र जङ्गली जनावरबाट हुने जोखिमको रक्षावरण हुने,

(ग) बीमितले न्यूनतम रु दुईलाख बराबरको दुर्घटना बीमा गर्नुपर्ने,

(घ) लागतको आधारमा अलैंची खेतीको बीमा गर्न सकिने र बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्ने,

(ङ) अलैंची खेतीको बीमा गर्दा एउटा मात्र बीमकमा गर्नुपर्ने,

(च) अलैंची खेती बीमालेखको अवधि एक वर्षको हुने,

(छ) अलैंची खेतीको बीमा अलैंची रोपिएको शुरुको वर्षदेखि १६ वर्षसम्म गर्न सकिने,

(ज) अलैंची खेतीको क्षति भएमा बीमितले तीन दिनभित्र बीमकलाई जानकारी गराउनुपर्ने,

(झ) बीमितले अलैंची खेतीको बीमाको दाबी परेपछि तत्काल दाबी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नुपर्ने,

(ञ) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको ३५ दिनभित्र बीमकले बीमितलाई दाबी भुक्तानी गर्नुपर्ने ।

बेसार खेती बीमालेख

नेपाल बीमा बीमा प्राधिकरणले बेसार खेतीमा हुने आर्थिक क्षतिको रक्षावरण गर्नका लागि 'बेसार खेती बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले यही २०८१ साल पुस ४ गते स्वीकृत गरेको बेसार खेती बीमालेखका विशेषताहरु :

(क) बीमितले बीमाशुल्क भुक्तानी गरेपछि बीमालेख प्रारम्भ हुने,

(ख) आगलागी, हुरीबतास, बाढी, पहिरो, चट्याङ, रोग तथा कीरा र जङ्गली जनावरबाट हुने जोखिमको रक्षावरण हुने,

(ग) बीमितले न्यूनतम रु दुईलाख बराबरको दुर्घटना बीमा गर्नुपर्ने,

(घ) उत्पादनका आधारमा बेसार खेतीको बीमा गर्न सकिने,

(ङ) बेसार खेतीको बीमा गर्दा एउटा मात्र बीमकमा गर्नुपर्ने,

(च) बेसार खेती बीमालेखको अवधि १० महिनाको हुने,

(छ) बेसार खेतीको बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्ने,

(ज) बेसार खेतीको क्षति भएमा बीमितले तीन दिनभित्र बीमकलाई जानकारी गराउनुपर्ने,

(झ) बीमितले बेसार खेतीको बीमाको दाबी परेपछि तत्काल दाबी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नुपर्ने,

(ञ) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको ३५ दिनभित्र बीमकले बीमितलाई दाबी भुक्तानी गर्नुपर्ने ।

बङ्गुर बीमालेख

नेपाल बीमा बीमा प्राधिकरणले बङ्गुर पालनमा हुने आर्थिक क्षतिको रक्षावरण गर्नका लागि 'बङ्गुर बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले यही २०८१ साल पुस ४ गते स्वीकृत गरेको बङ्गुर बीमालेखका विशेषताहरु :

(क) बीमितले बीमाशुल्क भुक्तानी गरेपछि बीमालेख प्रारम्भ हुने,

(ख) आगलागी, हुरीबतास, बाढी, पहिरो, चट्याङ, रोग तथा कीरा र जङ्गली जनावरबाट हुने जोखिमको रक्षावरण हुने,

(ग) बीमितले न्यूनतम रु दुईलाख बराबरको दुर्घटना बीमा गर्नुपर्ने,

(घ) मासु प्रयोजनका लागि पालन गरिने बङ्गुरको बीमायोग्य उमेर ३५ दिनदेखि ८ महिनासम्म र प्रजनन् प्रयोजनका लागि पालन गरिने बङ्गुरको बीमायोग्य उमेर ३५ दिनदेखि ४ वर्षसम्म हुने,

(ङ) बङ्गुरको बीमा गर्दा एउटा मात्र बीमकमा गर्नुपर्ने,

(च) मासु प्रयोजनका लागि पालन गरिने बङ्गुरको बीमा अवधि आठ महिनाको र प्रजनन् प्रयोजनको लागि पालन गरिने बङ्गुरको बीमा अवधि एक वर्षको हुने,

(छ) बङ्गुरको बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्ने,

(ज) बङ्गुरको क्षति भएमा बीमितले तीन दिनभित्र बीमकलाई जानकारी गराउनुपर्ने,

(झ) बीमितले बङ्गुरको बीमाको दाबी परेपछि तत्काल दाबी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नुपर्ने,

(ञ) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको ३५ दिनभित्र बीमकले बीमितलाई दाबी भुक्तानी गर्नुपर्ने ।

शिक्षक तथा विद्यार्थीसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल मङ्सीर १९ देखि २६ गतेसम्म नुवाकोट र रसुवा जिल्लामा बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू आयोजना गर्ने क्रममा **नुवाकोटको विदूरस्थित त्रिभुवन त्रिशुली माध्यमिक विद्यालय** र **रसुवाको रसुवा माध्यमिक विद्यालय**का शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छुट्टाछुट्टै छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

विद्यार्थीहरूलाई बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिई विद्यार्थी मार्फत बीमा सचेतना अभिवृद्धि गर्दै बीमाको पहुँच विस्तारमा योगदान पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक कुन्दन सापकोटा र सहायक निर्देशक निश्चल राज बानियाँले बीमाको परिचय, बीमाको महत्व र आवश्यकता, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र बीमा बजारको विद्यमान अवस्था लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षकहरूले विद्यालयको पाठ्यक्रममा बीमा विषय समावेश गर्नका लागि पहल गर्न नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू

- बीमितले बीमा गर्नुभन्दा अगाडि आफूलाई आवश्यक पर्ने बीमा यकीन गरी त्यससँग सम्बन्धित प्रस्ताव फारममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्नु पर्दछ ।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवम् सुविधाका बारेमा जानकारी लिएर मात्र बीमा गर्नु पर्दछ ।
- बीमितले आफ्नो पेशा, व्यवसाय एवम् आर्थिकस्तर समेतलाई ध्यानमा राखेर बीमालेख खरीद गर्नु पर्दछ ।
- बीमाशुल्क बुझाउने तथा बीमालेख नवीकरण गर्ने मिति, इच्छाइएको व्यक्तिको नाम, बीमालेखको अवधि समाप्त भएपछि प्राप्त हुने रकम जस्ता विषयमा बीमालेख खरीद गर्नुभन्दा अगाडि नै राम्रोसँग बुझ्नु पर्दछ ।
- बीमितले बीमाशुल्क बुझाएपछि त्यसको आधिकारिक भर्पाई वा रसिद लिनु पर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फारम बीमित स्वयम्ले भर्नु पर्दछ । यदि बीमित निरक्षर वा प्रस्ताव फारम भर्न असमर्थ भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फारम भर्नु पर्दछ ।

कोशी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल पुस महिनामा कोशी प्रदेशको संखुवासभा जिल्लाका चिचला गाउँपालिका, सभापोखरी गाउँपालिका र पाँचखपन नगर पालिकामा 'स्थानीय सरकारसँग नेपाल बीमा बीमा प्राधिकरण' विषयक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

चिचला गाउँपालिकामा पुस २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि चिचला गाउँपालिकाका अध्यक्ष पासाङ नुर्बु शेर्पाले बीमाको दायरा विस्तारका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै बीमा दाबी भुक्तानीमा देखिएका समस्या समाधान गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

सभापोखरी गाउँपालिकामा पुस २४ गते भएको कार्यक्रममा प्रमुख अतिथि सभापोखरी गाउँपालिकाका अध्यक्ष भीम बहादुर लिम्बुले गाउँपालिकामा रहेका सबै सरकारी भवनहरूको बीमा गर्ने जानकारी दिनुहुँदै बीमा अभिकर्ताले कमिशनको लोभमा व्यक्तिको आर्थिक क्षमताभन्दा बढीको बीमा गराउने गरेको जानकारीमा आएको बताउनुभयो ।

पाँचखपन नगरपालिकामा पस २५ गते आयोजित कार्यक्रममा पाँचखपन नगरपालिकाका प्रमुख विपिन राईले बीमा मार्फत जोखिम हस्तान्तरण गरी वित्तीय सुरक्षण गर्न सकिने उल्लेख गर्नुहुँदै सबैलाई बीमा गर्न आग्रह गर्नुभयो ।

ती कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानीमा ढिलाई गर्ने गरेको, स्वास्थ्य परीक्षण गरेर बीमा गरेका बीमितहरूलाई पहिले नै विरामी भएको भनेर दाबी भुक्तानी नदिएको, बीमा अभिकर्ताले कमिशनको लोभमा विभिन्न प्रलोभन देखाएर बीमा गराउने गरेको, बीमा कम्पनीहरु गाउँमा नआएको, रूद्राक्षको बीमा गर्नका लागि रूद्राक्ष बीमालेख आवश्यक भएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक राजेन्द्र महर्जनले बीमा सम्बन्धी विभिन्न प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, शिक्षक, अगुवा कृषक र बीमा कम्पनीका प्रतिनिधिहरु तथा स्थानीय वासिन्दाको सहभागिता रहेको थियो ।

यसैगरी, चिचिला गाउँपालिकास्थित **सरस्वती माध्यमिक विद्यालय** र खाँदबारी नगर पालिकास्थित **सूर्य आवासीय माध्यमिक विद्यालय**मा पनि बीमा सचेतना सम्बन्धी छुट्टाछुट्टै छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमहरूमा सम्वन्धित विद्यालयका शिक्षकहरु तथा कक्षा ८, ९, १० र ११ का विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

आ.व. २०८१/८२ दोस्रो त्रैमासिकसम्ममा बीमा क्षेत्रको तुलनात्मक विवरण

सि.नं.	सूचक	२०८० पुस मसान्तसम्ममा	२०८१ पुस मसान्तसम्ममा	परिवर्तन %
१	जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीवन बीमालेख बाहेक)*	५,४९६,४५७	५,४६१,२२८	(०.६४)
२	म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	६,३४३,९८९	६,२२१,१४३	(१.९४)
३	बैदेशिक रोजगार बीमालेख संख्या	१,९१४,९५०	२,३५८,९८२	२३.१९
४	**कुल सक्रिय जीवन बीमालेख संख्या**	**१३,७५५,३९६**	**१४,०४१,३५३**	**२.०८**
५	**कुल जारी जीवन बीमालेख संख्या**	**३,७७६,१७५**	**२,८६०,४०३**	**(२४.३)**
६	**कुल निर्जीवन बीमालेख संख्या**	**१,४४१,४४९**	**१,५५७,७९०**	**८.१**
७	प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	१३८,१६७.९४	१७७,८६१.५६	२८.७३
८	नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	६०४,०३८.२२	६३३,९०६.८७	४.९४
९	**कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा**	**७४२,२०६.१६**	**८११,७६८.४३**	**९.३७**
१०	**कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा**	**१९४,४१०.८८**	**२१३,०६५.१९**	**९.६०**
११	**जम्मा बीमाशुल्क संकलन रु. लाखमा**	**९३६,६१७.०४**	**१,०२४,८३३.६२**	**९.४२**
११	**जीवन बीमा दावी भुक्तानी संख्या**	**१५९,७१३**	**१४४,९८७**	(९.२२)
१२	**जीवन बीमा दावी भुक्तानी रकम रु.लाखमा**	**१६५,०७६.७९**	**२०९,३८१.१०**	२६.८४
१५	**निर्जीवन बीमा दावी भुक्तानी संख्या**	**६६,५०९**	**६५,१२०**	(२.०९)
१६	**निर्जीवन बीमा दावी भुक्तानी रकम रु.लाखमा**	**७७,५९८.६३**	**१०१,६०१.२३**	३०.९३
१७	बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१७.०८	१६.८१	
१८	बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३६.७८	३५.९७	
१९	**बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	४३.०५	४३.६२	
२०	जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८२८	१,८४४	०.८८
२१	निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,०४०	१,१५८	११.३५
२२	**बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या**	**२,८६८**	**३,००२**	**४.६७**
२३	जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८१८	५,९२६	१.८६
२४	निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,६८०	५,९७५	५.१९
२५	**बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या**	**११,४९८**	**११,९०१**	**३.५०**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।
२. लघु जीवन बीमा कम्पनीको विवरण जीवन बीमामा र लघु निर्जीवन कम्पनीको विवरण निर्जीवन बीमामा समावेस गरी गणना गरिएको।

जीवन बीमामा कुल बीमाशुल्क संकलन र दावी भुक्तानीको अवस्था

आ. व. २०८१/८२ को पुस मसान्तसम्ममा



प्रदेश अनुसार कुल बीमाशुल्क र दावी भुक्तानी (रकम रु. करोडमा)



बीमालेख अनुसार कुल बीमाशुल्क र दावी भुक्तानी (रकम रु. करोडमा)





निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन र दावी भुक्तानीको अवस्था

आ. व. २०८१/८२ को पुस मसान्तसम्ममा







तथ्याङ्क विश्लेषक: बसन्त प्रसाद बोहरा
(तथ्याङ्कशास्त्री)

कोशी प्रदेश कार्यालय

कोशी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल मङ्सीरमा तेह्रथुमका छथर गाउँपालिका मेन्छयायेम गाउँपालिका, सङ्खुवासभाको धर्मदेवी नगरपालिका, धनकुटाको छथर जोरपाटी गाउँपालिकासँग र पुसमा उदयपुरको त्रियुगा नगरपालिका, इलामको चुलाचुली गाउँपालिका तथा सुनसरीको रामधुनी नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

छथर गाउँपालिकासँग मङ्सीर १० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि छथर गाउँपालिकाका अध्यक्ष सन्तबीर लिम्बुले नेपाल बीमा प्राधिकरणसँग समन्वय गरी घर बीमा र जेष्ठ नागरिक बीमा लागू गर्न पहल गर्ने प्रतिवद्धता **व्यक्त गर्नुभयो ।**

मेन्छयायेम गाउँपालिकासँग मङ्सीर १२ गते भएको कार्यक्रममा प्रमुख अतिथि मेन्छयायेम गाउँपालिकाका अध्यक्ष यादव बहादुर खापुङ्गले बीमा दाबी भुक्तानीलाई सरल बनाउनुपर्ने पर्ने बीमा सचेतना कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

धर्मदेवी नगरपालिकासँग मङ्सीर ११ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि धर्मदेवी नगरपालिकाका प्रमुख उदय चन्द्र पौडेलले बीमा सम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने जानकारी दिनुभयो ।

छथर जोरपाटी गाउँपालिकासँग मङ्सीर २७ भएको कार्यक्रममा विशेष अतिथि छथर जोरपानी गाउँपालिकाका उपाध्यक्ष गीता गुरूङ खेवाले बीमा क्षेत्रमा देखिएका समस्याहरु समाधान गर्न सम्बद्ध सबैले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

त्रियुगा नगरपालिकासँग पूस ९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि त्रियुगा नगरपालिकाका प्रमुख वसन्त कुमार बस्नेतले आगामी दिन नगरपालिकाले बजेटको व्यवस्था गरी नागरिकको सुरक्षा र हितलाई ध्यानमा राखी बीमा सम्वन्धी कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

चुलाचुली गाउँपालिकासँग पुस १२ भएको कार्यक्रममा चुलाचुली गाउँपालिकाका अध्यक्ष राजेन्द्र केरूङले न्यून आय भएका बर्गलाई बीमा मार्फत सुरक्षण प्रदान गर्ने सोच रहेको बताउनुभयो ।

रामधुनी नगरपालिकासँग पुस २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि रामधुनी नगरपालिकाका प्रमुख शंकर लाल चौधरीले बीमाका बारेमा नागरिकहरूलाई सबैको दायित्व भएको उल्लेख गर्नुहुँदै आफ्नो आर्थिक अवस्थालाई ध्यानमा

राखेर बीमा गर्न सबैलाई आग्रह गर्नुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले कृषि, पशुपन्छी तथा जडिबूटी बीमालेखका प्रावधानहरु झन्झटिलो रहेका, आवश्यक कागजात बुझाउँदा पनि बीमा कम्पनीले कागजात पुगेन भनेर बीमा दाबी भुक्तानीमा ढिलाई गर्ने गरेको, बीमा कम्पनीले दाबी भुक्तानी दिँदा कम रकम दिने गरेको, रु एक लाखभन्दा बढीको पशुबीमा गर्न नपाएको, जङ्गली जनावरबाट हुने जोखिमको बीमा गर्न कम्पनीहरु अनिच्छुक रहेको, बीमा कम्पनी र लघुबीमा कम्पनीका बीमा दररेट फरक फरक रहेका कारण बीमा गर्न अन्यौल भएको, प्रहरी प्रतिवेदन तयारीमा ढिलाई हुने गरेको, कृषि प्राविधिकको कमी रहेको लगायतका धारणा राख्नुभएको थियो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले कार्यक्रमबाट प्राप्त सुझाव तथा गुनासाहरूलाई सम्बोधन गर्न आवश्यक भूमिका खेल्ने जानकारी दिनुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, बीमा, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, स्थानीय वासिन्दा र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

निर्जीवन बीमा मध्यस्थकर्ताहरूसँग अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल मङ्सीर २३ गते विराटनगरमा कोशी प्रदेशका रहेका निर्जीवन बीमा मध्यस्थकर्ताहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा मध्यस्थकर्ताहरूले कृषि प्राविधिकले कमिशन रकम नपाएको, कृषि सफ्टवेयर सम्बन्धी तालिम नपाएका कारण काममा कठिनाइ भइरहेको, कृषि प्राविधिक र कृषकहरु प्रविधिमैत्री नभएको र बढी कागजी प्रक्रियाका कारण दाबी प्रक्रिया झन्झटिलो भएको लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले कार्यालयमा प्राप्त कतिपय उजूरीहरु बीमक र बीमितबीचको छलफलबाट फछ्र्यौट गराइएको र बीमा अभिकर्ताको अनलाइन परिक्षा संचालन गर्दै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटी र बीमा सर्भेयर सङ्घ, नेपालका कोशी प्रदेशका पदाधिकारीहरु लगायत कोशी प्रदेशमा रहेका बीमा मध्यस्थकर्ताहरूको सहभागिता रहेको थियो ।

मधेश प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल मङ्सीरमा पर्सा जिल्लाको पर्सागढी नगरपालिका तथा रौतहट जिल्लाको गरूडा नगरपालिकासँग र पुसमा मधेश प्रदेशको महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका तथा रौतहत जिल्लाका कटहरिया नगरपालिका र फतुवा विजयपुर नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिकासँग मङ्सीर ९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले जीवन तथा सम्पत्तिको बीमा गर्न सबैसँग आग्रह गर्नुभयो ।

गरूडा नगरापालिकासँग मङ्सीर १७ गते भएको कार्यक्रममा प्रमुख अतिथि गरूडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद कलवारले विपत्ति कतिबेला आउँछ भन्ने थाहा नहुने भएकाले सबैले समयमैं बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

जलेश्वर नगरपालिकासँग पुस ९ गते भएको कार्यक्रममा प्रमुख अतिथि जलेश्वर नगरपालिकाका उपप्रमुख रौशन खातुनले बीमा सचेतना अभिवृद्धिका लागि वडा वडामा कार्यक्रमहरु गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै त्यसका लागि प्राधिकरणसँग सहकार्य गर्न नगरपालिका तयार रहेको बताउनुभयो ।

कटहरिया नगरपालिकासँग पुस १६ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कटहरिया नगरपालिकाका स्वास्थ्य विभाग प्रमुखले अप्ठ्यारो परेको समयमा बीमाबाट सहयोग हुने भएकाले सबैले बीमा गर्नुपर्ने बताउनुभयो ।

फतुवा विजयपुर नगरपालिकासँग पुस १७ गते भएको कार्यक्रममा प्रमुख अतिथि फतुवा विजयपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुखले कार्यक्रमको आयोजनाबाट बीमा सम्बन्धी समग्र विषयमा जानकारी पाएको बताउनुभयो ।

ती कार्यक्रममा सहभागीहरूले बीमाबाट हुने फाइदा, बैङ्क र बीमाबीचको भिन्नता, कृषि तथा पशुपन्छी बीमा, लघुबीमा, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र बीमाशुल्क लगायतका विषयमा जिज्ञासाहरु राख्नुभएको थियो ।

कार्यक्रमहरुमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले स्थानीय तहहरुलाई आफ्ना भौतिक संरचनाहरु र विपन्न नागरिकहरुको बीमा गरेर बीमा अभियान शुरु गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

मेडिकल कलेजका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल पुस ११ गते वीरगञ्जस्थित नेशनल मेडिकल कलेज तथा हस्पिटलका शिक्षक तथा एम.बी.बी.एस. का विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

शिक्षक तथा विद्यार्थीहरूसँगको सहकार्यमा बीमा साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा बीमाको महत्व, बीमा साक्षरता अभिवृद्धि र दायरा विस्तारमा शिक्षक तथा विद्यार्थीको भूमिका, बीमित हित संरक्षण, बीमा सम्बन्धी गुनासो सुनुवाईको व्यवस्था र बीमा बजारको विद्यमान अवस्था लगायतका विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रममा नेशनल मेडिकल कलेज तथा हस्पिटलका प्रा.डा. कृष्णानन्द सिंहले बीमाका बारेमा जानकारी दिनका लागि ECA (Extra-curricular activities) का रूपमा बीमालाई समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया लगायत बीमा साक्षरता अभिवृद्धिमा शिक्षक तथा विद्यार्थीहरूको भूमिका सम्बन्धी प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी, बारा जिल्लाको सिमरास्थित **सिमरा कलेज**का शिक्षक तथा विद्यार्थीहरूसँग यही २०८१ साल पुस १३ गते बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा सम्बन्धी समस्या परेमा उजूरी गर्न सक्ने व्यवस्था

- बीमा सम्बन्धी कुनै गुनासो भए वा समस्या परेमा नेपालको बीमा नियमनकारी निकाय 'नेपाल बीमा प्राधिकरण' मा उजूरी दिन सकिने छ ।
- बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बीमितले त्यसको कारण समेत खोली नेपाल बीमा प्राधिकरणमा उजूरी गर्नु पर्दछ ।
- बीमाको दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएका उजुरी माथि नेपाल बीमा प्राधिकरणले निर्णय गर्दछ ।
- बीमक र बीमितबीचको कुनै विवाद उत्पन्न भएमा त्यसको मध्यस्थता गर्ने कार्य पनि नेपाल बीमा प्राधिकरणले गर्दछ ।

लुम्बिनी प्रदेश कार्यालय

लुम्बिनी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल पुस १० गते लुम्बिनी प्रदेश सरकारसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमाको परिचय र महत्व, लुम्बिनी प्रदेशमा बीमाको अवस्था, कृषि बीमामा देखिएका समस्या र समाधानका उपाय तथा बीमाको विकास एवम् विस्तार प्रदेश सरकारको भूमिका सम्बन्धमा छलफल भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले कृषि बीमाको सहजताका लागि कृषि तथा पशुसेवा कार्यालयमा थप जनशक्तिको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले बीमाप्रतिको विश्वास बढाउनका लागि बीमा कम्पनीहरूले दाबी भुक्तानी समयमैं दिनुपर्ने र न्यून दावी भुक्तानी पाउने अवस्था हटाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले कृषि बीमालाई अझै प्रभावकारीरूपले अगाडि बढाउनका लागि सम्बद्ध निकायहरूबीच सहयोग तथा सहकार्य आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा लुम्बिनी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सहित विभिन्न मन्त्रालय र कृषि तथा पशुसेवा निर्देशनालयका पदाधिकारीहरु, बीमा कम्पनीका प्रदेश कार्यालय प्रमुख र सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

लुम्बिनी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल पुसमा प्यूठान जिल्लाका माण्डवी गाउँपालिका र सरुमारानी गाउँपालिका, रोल्पा जिल्लाका रोल्पा नगरपालिका र सुनिलस्मृति गाउँपालिकासँग तथा मङ्सीरमा कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमाको महत्व र आवश्यकताका बारेमा जानकारी दिने, बीमा सम्बन्धी गुनासा र सुझावहरु सङ्कलन गरी सम्बोधन गर्ने र बीमाको पहुँच विस्तारलागि स्थानीय सरकारलाई आवश्यक राय सुझाव दिने उद्देश्यले कार्यक्रमहरु आयोजना गरिएका हुन् ।

माण्डवी गाउँपालिकासँग पुस २५ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि माण्डवी गाउँपालिकाका

अध्यक्ष नमराज अधिकारीले कृषि तथा पशुपन्छी बीमा गर्न कृषकहरूलाई प्रोत्साहित गर्ने र बीमा सचेतना अभिवृद्धिका लागि प्राधिकरणसँग हातेमालो गर्दै अगाडि बढ्ने बताउनुभयो ।

सरुमारानी गाउँपालिकासँग पुस २६ आयोजित कार्यक्रममा प्रमुख अतिथि सरुमारानी गाउँपालिकाका अध्यक्ष जक बहादुर विश्वकर्माले गाउँपालिकाको भौगोलिक अवस्थाका आधारमा बीमा नीति बनाएर लागू गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

रोल्पा नगरपालिकासँग पुस ११ गते भएको कार्यक्रममा प्रमुख अतिथि रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्तीले नगरपालिकाले बजेट व्यवस्था गरी न्यून आय भएका बर्गलाई बीमाको दायरामा ल्याउने जानकारी दिनुभयो ।

सुनिलस्मृति गाउँपालिकासँग पुस ११ गते नै आयोजित कार्यक्रममा प्रमुख अतिथि सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकीले बीमाको महत्वलाई ध्यानमा राखी आगामी आर्थिक बर्षमा बीमा शीर्षकमा बजेट विनियोजन गर्ने बताउनुभयो ।

विजयनगर गाउँपालिकासँग मङ्सीर २१ गते भएको कार्यक्रममा प्रमुख अतिथि विजयनगर गाउँपालिकाका अध्यक्ष गोपाल बहादुर थापामगरले बीमा सम्बन्धी योजना बनाएर कृषि तथा पशुपन्छी बीमालाई अझै प्रभावकारीरूपले अगाडि बढाउने उल्लेख गर्नुभयो ।

ती कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न नमानेको, बीमा गर्न सजिलो तर दाबी भुक्तानी पाउन झन्झटिलो रहेको, बीमा कम्पनीका कर्मचारी र बीमा अभिकर्ताले बीमालेखका बारेमा स्पष्ट जानकारी नदिएको, कृषि बीमा अभिकर्ताको कमी रहेको, लघुबीमा ग्रामीण क्षेत्रमा केन्द्रित हुनु आवश्यक रहेको, बीमामा ठगीको जोखिम बढ्दै गएको र कोरोना बीमाको दाबी भुक्तानी नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालय प्रमुख पूर्ण बहादुर थापाले विपन्न बर्गको बीमा गर्ने व्यवस्था गर्न र नगरपालिकाका भौतिक सम्पत्तिको बीमा गरी आर्थिक जोखिमको रक्षावरण गर्न स्थानीय सरकारसँग आग्रह गर्नुभयो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, बीमा कम्पनीका प्रतिनिधि, अगुवा कृषक र स्थानीय वासिन्दाहरूको सहभागिता रहेको थियो ।

शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल पुस १२ गते **रोल्पा जिल्लाका बालकल्याण नमूना माध्यमिक विद्यालय** र **नेपाल नमूना माध्यमिक विद्यालय** तथा पुस २५ गते **प्यूठान जिल्लाको जनता माध्यमिक विद्यालय**का शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छुट्टाछुट्टै छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमाको महत्व र आवश्यकता, बीमाको पहुँच, बीमा बजारको विद्यमान अवस्था र बीमा सचेतना अभिवृद्धिमा विद्यार्थीको भूमिका लगायतका विषयमा छलफल गरी विद्यार्थी मार्फत बीमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमहरूमा सम्बन्धित विद्यालयका शिक्षक र कर्मचारी तथा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

कर्णाली प्रदेश कार्यालय

कर्णाली प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल मङ्सीरमा जुम्लाका चन्दननाथ नगरपालिका, जुठीचौर गाउँपालिका र पातारासी गाउँपालिकासँग तथा पुसमा दैलेखका ठाँटीकाँध गाउँपालिका र भैरवी गाउँपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

चन्दननाथ नगरपालिकासँग मङ्सीर १२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि चन्दननाथ नगरपालिकाका प्रमुख राजु सिंह कठायतले बीमा सम्बन्धी नीति तथा कार्यक्रम तर्जूमा गर्नका लागि सहयोग गर्न र बीमा दाबी भुक्तानीलाई सरल बनाउन प्राधिकरणसँग आग्रह गर्नुभयो ।

चन्दननाथ नगरपालिकाका उपप्रमुख रामदेवी खड्काले बीमा कम्पनीहरूले बीमा गराउनुभन्दा अगाडि बीमालेखका प्रावधानका बारेमा राम्रोसँग बुझाउनुपर्ने बताउनुभयो ।

गुठीचौर गाउँपालिकासँग मङ्सीर १३ गते भएको कार्यक्रममा प्रमुख अतिथि जुठीचौर गाउँपालिकाका अध्यक्ष दान बहादुर बुढाले जीवन बीमा, घरबीमा, कृषि तथा पशुपन्छी बीमा र स्वास्थ्य बीमा देखिएका समस्या समाधान गर्दै गाउँ गाउँसम्म बीमाको पहुँच पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

पातारासी गाउँपालिकासँग मङ्सीर १४ गते आयोजित कार्यक्रममा पातारासी गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोराले बीमाको पहुँच वृद्धिका लागि आगामी नीति तथा कार्यक्रम र बजेटमा बीमालाई समावेश गर्ने प्रतिवद्धता व्यक्तः गर्नुभयो ।

ठाँटीकाँध गाउँपालिकासँग पुस २५ गते भएको कार्यक्रममा प्रमख अतिथि ठाँटीकाँध गाउँपालिकाका उपाध्यक्ष देवीसरा बडुवालले गाउँपालिकाले आगामी दिनमा बीमा सम्बन्धी योजना तर्जूमा गरी कार्यान्वयन गर्ने जानकारी दिनुभयो ।

भैरवी गाउँपालिकासँग पुस २६ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि भैरवी गाउँपालिकाका उपाध्यक्ष देवी भण्डारीले गाउँपालिकाका सबैलाई बीमाका बारेमा जानकारी दिन कार्यक्रम संचालन गर्ने बताउनुभयो ।

ती कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरु सदरमुकाममा मात्र केन्द्रित रहेको, बीमा दाबी भुक्तानी प्रक्रिया लामो र झन्झटिलो रहेको, दाबी भुक्तानीमा एकरूपता नभएको, बीमा कम्पनीहरु बीमा गर्न पटक पटक आउने तर बीमा गरिसकेपछि देखा नपर्ने गरेको, बीमा कम्पनीहरूले कृषिबीमा गर्न ध्यान नदिएको, बीमाङ्कमा एकरूपता नभएको, बीमा कहाँ र कसरी गर्ने भन्ने थाहा नभएको लगायतका गुनासाहरु गर्नुभएको थियो । साथै, उहाँहरूले स्थानीय तहहरूसँग समन्वय गरी पालिकाक्षेत्रमा 'बीमा सेवा केन्द्र' स्थापना गर्न आग्रह समेत गर्नुभयो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निल प्रसाद लामिछानेले मानव जीवन, सम्पत्ति र दायित्वमा आउनसक्ने जोखिम विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्ने सबल एवम् विश्वासिलो वित्तीय उपकरण बीमा भएको जानकारी दिनुभयो ।

ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, शिक्षक, अगुवा कृषक र सर्वसाधारण लगायतको सहभागिता रहेको थियो ।

शिक्षक तथा विद्यार्थीसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल मङ्सीर १२ गते जुम्लास्थित कर्णाली प्राविधिक शिक्षालय र मङ्सीर २४ गते सुर्खेतस्थित सुर्खेत बहुमुखी क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छुट्टाछुट्टै छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

ती कार्यक्रममा बीमाको महत्व, बीमाका प्रकार, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमाका आधारभूत सिद्धान्त, बीमा मध्यस्थकर्ता, बीमा गर्दा ध्यान दिनुपर्ने कुरा र बीमा क्षेत्रको विद्यमान अवस्था लगायतका विषयमा जानकारी दिइएको थियो ।

कार्यक्रमहरूमा सहभागी विद्यार्थीहरूले कृषि, जडिबूटी तथा पशुपन्छी बीमा सम्बन्धी विभिन्न जिज्ञासाहरू राख्नुका साथै बीमा अभिकर्ता र बीमा सर्भेयरको तालिम स्थानीय स्तरमा संचालन गर्न आग्रह गर्नुभएको थियो ।

सुदूर पश्चिम प्रदेश कार्यालय

कैलाली बहुमुखी क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल मङ्सीर ७ गते सुदूरपश्चिम प्रदेशको धनगढीस्थित कैलाली बहुमुखी क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

त्यस अवसरमा सुदूरपश्चिम विश्वविद्यालयका व्यवस्थापन संकायका प्रमुख दिपक पन्तले बीमा सम्बन्धी समग्र विषयमा जानकारी प्राप्त गर्नका लागि कार्यक्रम निकै उपयोगी भएको बताउनुभयो ।

कार्यक्रममा कृषि तथा पशुपन्छी बीमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, जोखिम व्यवस्थापन तथा हस्तान्तरणमा बीमाको प्रयोग, बीमाका सिद्धान्त, बीमक तथा बीमितको दायित्व लगायतका विषयमा जानकारी दिइएको थियो ।

कार्यक्रममा सहभागीहरूले कृषिबीमाका बारेमा जानकारी नभएको, बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानीमा ढिलाई गर्ने गरेको, कतिपय बीमा अभिकर्ताले बीमितको आवश्यकताभन्दा पनि कमिशनको लोभमा महँगो बीमालेख खरिद गर्न लगाउने गरेको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हृदयेश्वर पण्डितको सभापतित्वमा भएको कार्यक्रममा कैलाली बहुमुखी क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो ।